# पञ्चकन्या गाउँपालिका
Panchakanya Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office Of the Rural Municipal Executive
लाकुरीभञ्ज्याङ, नुवाकोट
Lakuribhanjyang, Nuwakot

बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

सू.नं. ८८

## छुट भएका व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी सूचना
## (प्रकाशित मिति २०८३/०६/२१)

यस पञ्चकन्या गाउँपालिकाको **व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०७५** बमोजिम यस गाउँपालिका क्षेत्रभित्र हालसम्म व्यवसाय दर्ता नगरी उद्योग, व्यापार, पेशा वा अन्य प्रकृतिका व्यावसायिक कारोबार सञ्चालन गर्दै आउनुभएका सम्पूर्ण व्यक्ति, फर्म तथा व्यवसायीहरूले आफ्नो व्यवसाय अनिवार्य रूपमा दर्ता गरी सञ्चालन गर्न सम्बन्धित सबैमा सूचित गरिन्छ। साथै, यस कार्यालयमा दर्ता भएका **व्यवसायहरूले प्रत्येक आर्थिक वर्षको असोज महिना भित्र आफ्नो व्यवसायको** नवीकरण **गर्नुपर्ने व्यवस्था रहेको यहाँहरुलाई अवगतै छ।** छुट हुन पुगेका व्यवसायहरुले तोकिएको समयभित्र व्यवसाय दर्ता तथा नवीकरण गर्नुहुन अनुरोध छ। ***व्यवसाय दर्ता तथा नवीकरण नगरी व्यवसाय सञ्चालन गरेको पाइएमा प्रचलित कानून तथा गाउँपालिकाको सम्बन्धित कार्यविधि बमोजिम जरिवाना तथा अन्य आवश्यक कारबाही गरिनेछ।*** साथै, गाउँपालिकाबाट बजार अनुगमन तथा व्यवसाय निरीक्षण समेत गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ।

..................

हिराधन राई

प्रमुख प्रशासकीय अधिकृत